स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमाल पत्रकार सम्मेलनमा आफूले भनेका कुरालाई लिएर विवादमा तानिएका छन् । आइतबार टिभी रियालिटी शो "सुपर कमेडी लिग"को प्रेसमिटमा उनले अभिनेत्री सुरक्षा पन्तलाई इंगित गर्दै अभिव्यक्ति दिएका थिए । हमालको उक्त अभिव्यक्तिको भिडियो सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ । धेरैले उनको "सेन्स अफ ह्युमर"माथि प्रश्न गर्दै ट्रोल गरिरहेका छन् । यति भनिसकेपछि हमाल जोडले एक्लै हाँस्छन् ।

**आजको विचार...**



विदुर घिमिरे

जन्मघर... (दुई पेजमा)



अभिनेत्री प्रियंका कार्कीको फिल्म "मास्टर्नी"ले केन्द्रीय चलचित्र जाँच समितिबाट सार्वजनिक प्रदर्शनका लागि जाँचपास प्रमाणपत्र प्राप्त गरेको छ । समितिले फिल्मलाई "ए" श्रेणीमा वर्गीकरण गर्दै १६ वर्ष उमेर पूरा गरेका दर्शकले मात्र हेर्न पाउने गरी प्रदर्शन अनुमति दिएको हो । १४ अगस्ट २०२६ मा जारी प्रमाणपत्रअनुसार दुई घण्टा तीन मिनेट लामो लचित्र नेपालमा सार्वजनिक प्रदर्शनका लागि स्वीकृत भएको हो । प्रमाणपत्रमा धूमपान तथा मदिराजन्य पदार्थ प्रयोगका दृश्य भए स्वास्थ्यसम्बन्धी चेतावनी सन्देश अनिवार्य रूपमा राख्नुपर्ने उल्लेख छ ।

❐ वर्ष ३२ ❐ अंक ३२ ❐ २०८३ भदौ १ गते सोमबार 17 August 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भूकम्पमा मृत्यु हुनेको संख्या २८७ पुग्यो

रासस/ क्युएनए


**काठमाडौं,** साउन ३१/कोलम्बियामा गत सोमबार गएको विनाशकारी भूकम्पमा परी ज्यान गुमाउनेको संख्या २८७ पुग्नुका साथै करिब ४०० जना अझै बेपत्ता रहेको जनाइरुएको छ । कोलम्बियाका अधिकारीहरूले काली र पेरेरा सहरमा दुई तिहाइ भन्दा मानिसहरुको मृत्यु भएको बताएका छन् । घाइतेहरू मध्ये आधा भन्दा बढी प्रमुख सहरी केन्द्रहरूमा रहेको जनाउँदै अधिकारीहरुले पेरेरामा उद्धार टोलीहरू एउटा क्षतिग्रस्त होटलको भग्नावशेषमुनि फसेका चार जनाको उद्धार गर्नको लागि तैनाथ रहेको बताएका छन् । सरकारी तथ्याङ्कले विपत्तिको परिमाणलाई पुष्टि गरेको छ भने पश्चिमी कोलम्बियामा हजारौँ आवासीय घर विद्यालय, तथा स्वास्थ्य सुविधाहरूका साथै सार्वजनिक पूर्वाधारहरूमा गम्भीर रूपमा क्षति पुर्याएको जनाइएको छ । भूकम्पले यस क्षेत्रको पूर्वाधारलाई प्रभावित बनाउनुका साथै हजारौँ परिवारलाई अस्थायी सुविधाहरूमा आश्रय लिन बाध्य पारेको जनाइएको छ ।

# नाग पञ्चमीमा नाग टाँस्ने परम्परागत चलन हराउँदै

हाम्रा संवाददाता

**पाल्पा,** साउन ३१/ श्रावण शुक्ल पञ्चमी बिहानै घरआँगन सफा गरिन्छ । स्नानपछि पूजा सामग्री जुटाइन्छ । दही, दुबो, अक्षता, फूल, चन्दन, धूप-दीप र नैवेद्य तयार हुन्छ । अनि घरको मूलढोकामाथि वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायतका जीवले दुःख नदिऊन्, अग्नि, मेघ र चट्याङको भयबाट जोगिइयोस् भन्ने कामनासहित नागको चित्र टाँसिन्छ ।

पाल्पालगायत हिन्दू समुदायमा यसरी सोमबार नाग पञ्चमी मनाईंदै छ । नागलाई देवताका रूपमा पूजा गर्दै घरको ढोकामा नागको तस्बिर टाँस्ने यो परम्परा वैदिककालदेखि चलिआएको मानिन्छ । तर समयसँगै नाग पञ्चमी मनाउने शैली फेरिँदै गएको छ । परम्पराका कतिपय विधि हराउँदै छन्, पूजा सामग्री जुटाउनेदेखि नागको चित्र बनाउनेसम्मका पुराना अभ्यास आधुनिकताले विस्थापित गर्दै



लगेको छ । पहिले ब्राह्मण-पुरोहितले आफ्नै हातले नागको चित्र बनाएर जजमानका घरमा पुग्थे । गोबर वा गहुँको पिठोबाट नागको आकृति बनाउने, त्यसमा विधिपूर्वक पूजा गर्ने र मूलढोकामा टाँस्ने चलन थियो । अहिले बजारमा पाइने छापिएका नागका चित्रले त्यो स्थान लिन थालेका छन् । व्यस्त जीवनशैलीका कारण पूजा पनि छोटो विधिमा सीमित हुन थालेको छ । "विधि विधानअनुसार पूजाआजा गर्न खोजे पनि पछिल्लो समय सहरी भेगमा शुद्ध गाईको दूध, गोबर तथा दुबोजस्ता सामग्री अभाव हुन थालेको छ," पण्डित विष्णु आचार्य भन्छन्, "कति सामग्री जुटाउनै कठिन हुन थालेको छ । नाग टाँस्दा सिक्का पनि टाँस्ने चलन छ ।" परम्पराअनुसार नाग पञ्चमीका दिन बिहानै स्नान गरी दीप, कलश र गणेशको पूजा गरिन्छ । त्यसपछि गोबर वा गहुँको पिठोबाट बनाइएको अथवा कागजमा चित्रित नागलाई दही, दुबो, कुश, फूल, सिन्दुर, चन्दनलगायत सामग्रीले पूजा गरिन्छ । धूप, दीप र नैवेद्य अर्पण गरी प्रार्थना गरेपछि नागको चित्र घरको मूलढोकामाथि टाँसिन्छ । धार्मिक विश्वासअनुसार यसरी नागको पूजा गरी घरमा टाँस्दा वर्षभर नाग, सर्प र बिच्छीलगायत घिस्रने जीवबाट भय नहुने तथा अग्नि, मेघ र चट्याङको जोखिमबाट समेत रक्षा हुने विश्वास छ । नाग पञ्चमीका दिन घरको ढोकामा नाग टाँसेपछि खेतबारीमा खनजोत गर्न नहुने र नाग-सर्पलगायत घिस्रने जीवलाई मार्न नहुने मान्यता पनि छ । धर्मशास्त्रीय परम्पराअनुसार नागपञ्चमीमा अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शङ्ख गरी आठ नागको पूजा गर्ने मान्यता छ । *-बाँकी अन्तिम पेजमा...*

## आत्महत्या समस्याको समाधान होइन:

**आत्महत्याका प्रमुख कारण:**
- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागि:**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"**

# 'सत्ताको उन्मादमा एमाले चलाउन खोजे प्रतिकार गर्छौं'

**तानसेन,** साउन ३१/ नेकपा एमालेका सचिव तथा लुम्बिनी प्रदेश इन्चार्ज छविलाल विश्वकर्माले सत्ताको उन्मादमा एमालेलाई गलत ढंगले चलाउन खोजिए त्यसको प्रतिकार गर्ने चेतावनी दिएका छन् । एमाले पाल्पाको पाँचौं बैठकलाई तानसेनमा सम्बोधन गर्दै सचिव विश्वकर्माले इगोको राजनीति सफल नहुने बताउँदै सरकारले जनतालाई सेवा दिनेभन्दा विपक्षी दलका नेता तथा कार्यकर्तालाई धम्क्याउने, थर्काउने र अनाहकमा पक्राउ गरेर आतंकित पार्ने काम गरिरहेकाले त्यसको एमालेले प्रतिकार गर्ने बताएका हुन् ।

"कानुनको धज्जी उडाएर सत्ताको उन्माद देखाउनु हुँदैन," उनले चेतावनी दिए । एमाले राष्ट्रियता र जनताको हितमा काम गर्दै आएकाले विभिन्न घेराबन्दीको सामना गर्नुपरेको दाबी गरे ।



सचिव विश्वकर्माले वर्तमान रास्वपा नेतृत्वको सरकारले एमालेलाई कमजोर बनाउने उद्देश्यले प्रहार गरिरहेको आरोप लगाउँदै त्यस्तो प्रयास सफल नहुने बताए । "जनअभिमतको एमालेले सम्मान गर्छ," उनले भने, "वर्तमान सरकारले जनताको हितमा काम गर्छ भने सहयोग गर्छौं, तर जनहितविपरीत काम भए खबरदारी गर्छौं ।" *-बाँकी अनितम पेजमा...*

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नाग पञ्चमी र हाम्रो संस्कृति

**सांस्कृतिक पर्वमध्ये नाग पञ्चमी पनि एक हो । श्रावण शुक्ल पञ्चमीका दिन मनाइने यस पर्वले नेपाली समाजमा नागप्रतिको धार्मिक श्रद्धासँगै प्रकृतिप्रतिको सम्मान र संरक्षणको सन्देशसमेत दिँदै आएको छ । यस वर्षको पर्व हिन्दू धर्मावलम्बीहरूले आज मनाउँदै छन् । श्रावण शुक्ल पञ्चमीका दिन मनाइने यस पर्वमा नागको पूजा गर्ने, घरको मूलढोकामा नागको चित्र टाँस्ने तथा दूध, अक्षता, फूललगायत सामग्री अर्पण गर्ने प्रचलन छ । विभिन्न धार्मिक मान्यताअनुसार नागलाई देवताको रूपमा पूजा गरिन्छ । वर्षायाममा सर्पको गतिविधि बढ्ने भएकाले उनीहरूबाट सुरक्षा र घरपरिवारको सुख-शान्तिको कामना गर्दै नाग पूजा गर्ने चलन विकसित भएको मानिन्छ । नाग अंकित चित्र घरको मुल ढोकामा टाँस्नाले चट्याङ, आगो र सर्पको डर नहुने धार्मिक मान्यता रहेको छ । शास्त्रमा अनन्त, वासुकी, तक्षक, कुलिर, कर्कोटक, शङ्क, पद्म, महापद्म गरी आठ नागको विशेषा महत्व रहेको वर्णित छ । नाग रिसाए पानीका मुहान सुक्ने र पानीको हाहाकार हुने मान्यताका आधारमा पनि नागलाई खुसी पार्न पूजा गर्ने शास्त्रीय परम्परा रहिआएको हो ।**

**यसको धार्मिक पक्ष जति महत्वपूर्ण छ, पर्यावरणीय दृष्टिले पनि यसको सन्देश उत्तिकै अर्थपूर्ण छ । हाम्रो समाजमा सर्पलाई भयको प्रतीकका रूपमा हेर्ने प्रवृत्ति अझै व्यापक छ । तर सर्प प्रकृतिको खाद्य शृङ्खलामा महत्वपूर्ण जीव हो । यसले मुसालगायत विभिन्न जीवको संख्या नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ र पारिस्थितिक सन्तुलन कायम राख्न भूमिका खेल्छ । त्यसैले नाग पञ्चमीलाई केवल पूजा र कर्मकाण्डमा सीमित नगरी जैविक विविधता तथा वन्यजन्तु संरक्षणको चेतना फैलाउने अवसरका रूपमा पनि लिन आवश्यक छ । परम्पराको संरक्षण गर्नु हाम्रो दायित्व हो, तर परम्पराको नाममा प्रकृतिलाई हानि पुऱ्याउनु उचित हुँदैन । सर्पलाई समातेर प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुःख दिने वा अन्धविश्वासका कारण मार्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । नाग पञ्चमीको वास्तविक भावना जीवप्रति सम्मान र सहअस्तित्वमा आधारित हुनुपर्छ । पुस्तौँदेखि चलिआएको यो परम्परा हाम्रो सांस्कृतिक पहिचानको एउटा महत्वपूर्ण हिस्सा बनेको छ । तर समय परिवर्तनसँगै पर्व मनाउने शैलीमा पनि परिवर्तन आउन थालेको छ । आधुनिकताको प्रभाव, व्यस्त जीवनशैली र पश्चिमी संस्कृतिको बढ्दो आकर्षणका कारण कतिपय मौलिक परम्परा बिस्तारै ओझेलमा पर्दै गएका छन् । नयाँ पुस्तालाई आफ्नै संस्कार र परम्पराबारे पर्याप्त जानकारी नहुँदा यस्ता पर्वको वास्तविक महत्व कमजोर बन्न सक्ने खतरा छ । त्यसैले नाग पञ्चमीजस्ता पर्वलाई केवल कर्मकाण्डका रूपमा नभई यसको सांस्कृतिक, सामाजिक र पर्यावरणीय महत्व बुझाउँदै नयाँ पुस्तासम्म पुऱ्याउन जरुरी छ ।**

## Opinion @ Social Network

सबै कुरा आफ्नो चाहनाअनुसार हुँदैन,
कहिलेकाहीँ स्वीकार गर्न पनि सिक्नुपर्छ।
*(सबिना बुढाको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Budha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'जन्मघर फर्केर हेर' : विकासको एउटा सूत्र



**विदुर घिमिरे**

पाल्पाका माननीय वीरबहादुर रानाले आफ्ना भाषणहरूमा पटक-पटक प्रयोग गर्ने एउटा वाक्य छ– "जन्मघर फर्केर हेर ।" सामान्य लाग्ने यी केही शब्दभित्र आजको नेपालको विकास, राजनीति, समाज र नागरिक दायित्वसँग जोडिएको अत्यन्त गहिरो अर्थ लुकेको छ । त्यसैले मेरो बुझाइमा यो केवल एउटा राजनीतिक भाषणको सुन्दर वाक्य होइनह राज्य सञ्चालनको जिम्मेवारीमा पुगेका हरेक व्यक्ति, देशभित्र सफल जीवन बिताइरहेका नागरिक र विदेशमा पुगेर आफ्नो जीवन बनाएका नेपालीका लागि एउटा नैतिक प्रश्न पनि हो । मा. वीरबहादुर राना नेपाली काँग्रेस पाल्पाका दुई कार्यकाल जिल्ला सभापति, २०७४ सालमा लुम्बिनी प्रदेशका समानुपातिक प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री र २०७९ सालमा पाल्पा क्षेत्र नं. २(क) बाट प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य हुनुहुन्छ । आृना कुरा प्रस्ट, खरो र निर्भीक ढंगले राख्ने तथा जनताका भावनालाई भाषणमार्फत कलात्मक रूपमा प्रस्तुत गर्ने नेताका रूपमा उहाँ परिचित हुनुहुन्छ । उहाँका धेरै अभिव्यक्तिमध्ये "जन्मघर फर्केर हेर" भन्ने शब्दले मलाई विशेष रूपमा छोयो । शब्दमा यो सानो छ, तर विचारमा असाध्यै विशाल । मलाई त यो वाक्य गौतम बुद्धले संसारलाई दिएको शान्तिको सन्देशजस्तै गहिरो लाग्यो–थोरै शब्दमा धेरै अर्थ बोकेको । देश विकासको यात्रामा हामीले खोजिरहेको एउटा महत्वपूर्ण उत्तर सायद यही वाक्यभित्र लुकेको छ । नेपाल लामो समयदेखि विकासको प्रतिक्षामा बसेको देश हो । राजनीतिक व्यवस्था फेरिए, सरकार फेरिए, नेतृत्व फेरियोह तर जनताको जीवनमा अपेक्षित परिवर्तनको गति भने अझै सन्तोषजनक हुन सकेको छैन् । भ्रष्टाचार, कुशासन, राजनीतिक अस्थिरता र जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले राज्यलाई कमजोर बनाउँदै लगेको तीतो यथार्थ हामीसामु छ । जनताले संघीय सरकारबाट नीति, कानुन र राष्ट्रिय विकासको अपेक्षा गर्छन् । प्रदेश सरकारबाट क्षेत्रीय विकासको अपेक्षा गर्छन् । स्थानीय सरकारबाट भने उनीहरू आफ्नो दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका बाटो, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी र सार्वजनिक सेवाको अपेक्षा गर्छन् । तर "जन्मघर फर्केर हेर" ले यी सबैभन्दा माथि पुगेर एउटा नागरिक प्रश्न गर्छ–तिमी जहाँ पुगेका छौ, त्यहाँ पुग्नुअघि तिमी कहाँबाट आएका थियौ ? जन्मघर भनेको केवल चार भित्ताभित्रको घर मात्र होइन । त्यो हाम्रो पहिचान पनि हो । हाम्रो बाल्यकाल हो । हाम्रो पहिलो सपना हो । हामीले पहिलो पटक अक्षर चिनेको विद्यालय हो । पानी बोकेको पँधेरो हो । खेल्दै हुर्किएको चौतारी हो । हिँडेको गोरेटो हो । पूजा गरेको मन्दिर हो । पौडी खेलेको खोला हो । चढेको डाँडा हो । दुःख-सुखमा साथ दिएका छिमेकी हुन् । त्यसैले जन्मघर फर्केर हेर्नु भनेको आफ्नै जरा फर्केर हेर्नु हो ।

### हामीले किन फर्केर हेर्न सकेनौँ ?

नेपाल ग्रामीण भूगोलले बनेको देश हो । हिमालदेखि तराईसम्म प्रकृतिले हामीलाई असाधारण सम्भावना दिएको छ । गाउँ-गाउँमा धार्मिक सम्पदा छन्, ऐतिहासिक स्थल छन्, झरना छन्, डाँडाकाँडा छन्, हिमाली दृश्य छन्, मौलिक संस्कृति छन्, कृषि सम्भावना छन् । तर यस्ता धेरै सम्भावना अझै विकासको नक्सामा पर्याप्त रूपमा समेटिएका छैनन् ।

### हामीले प्रश्न गर्नुपर्छ–किन ?

मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म सामान्य परिवारमा जन्मिएका हजारौँ नेपाली आज राज्यका महत्वपूर्ण निकायमा पुगेका छन् । कोही मन्त्री बनेका छन्, कोही सांसद, कोही उच्च प्रशासक, कोही उद्योगी-व्यवसायी । लाखौँ नेपाली संसारका विकसित मुलुकमा पुगेर आर्थिक रूपमा सम्पन्न भएका छन् । उनीहरूले व्यवस्थित शहर देखेका छन् । उत्कृष्ट शिक्षा र स्वास्थ्य सेवा अनुभव गरेका छन् । आधुनिक प्रविधिको शक्ति बुझेका छन् । राम्रो सडक, स्वच्छ खानेपानी, व्यवस्थित सार्वजनिक सेवा र पर्यटकीय विकासको महत्व देखेका छन् । तर प्रश्न फेरि उही छ–तीमध्ये कति जनाले आफ्नो जन्मघर सम्झिएका छन् ? बाल्यकालमा हिँडेको गोरेटो कस्तो छ भनेर कति जनाले सोधेका छन् ? आफूले पढेको विद्यालयको अवस्था कस्तो छ भनेर कति जनाले हेरेका छन् ? पानी बोकेको पँधेरो सुकेको छ कि बगेको छ भनेर कति जनाले सम्झेका छन् ? आफ्नो गाउँको मन्दिर, चौतारी, खोला, डाँडा र सम्भावनालाई कति जनाले फर्केर हेरेका छन् ?

### फर्केर हेर्नुको अर्थ के हो ?

"जन्मघर फर्केर हेर" भन्नुको अर्थ केवल वर्षमा एकपटक गाउँ गएर केही दिन बिताउनु मात्र होइन । यसको अर्थ हो– आफूले संसारबाट सिकेको कुरा आफ्नो गाउँमा प्रयोग गर्नु । आफूले पाएको अवसरको केही अंश आफ्नो समाजलाई फर्काउनु । आफूले देखेको विकासको अनुभव आफ्नो जन्मभूमिसँग जोड्नु । आफूले कमाएको ज्ञान, सीप, प्रविधि, सम्बन्ध र स्रोतलाई आफ्नो समाजको भविष्य निर्माणमा लगाउनु । किनकि जीवन अजम्बरी छैन् । एक दिन हामी सबैले यो संसार छोड्नुपर्छ । त्यस दिन हामीसँग पद हुँदैन, पैसा हुँदैन, पहुँच हुँदैन् । बाँकी रहने कुरा हाम्रो कर्म र सम्झना हो । त्यो बेला हामीले बाल्यकालमा दुःख-सुख बाँडेका आफ्ना आफन्त, छिमेकी र गाउँलेलाई सम्झनुपर्छ । हामीलाई जन्मघरले के दियो र हामीले जन्मघरलाई के दियौँ भन्ने प्रश्न आफैँसँग गर्नुपर्छ । आज सुखमा जोडिएका धेरै सम्बन्धहरू समयसँगै टाढिन सक्छन् । तर गाउँको माटो, जन्मघरको आँगन र बाल्यकालका सम्झनाहरूले मानिसलाई जीवनभर पछ्याइरहन्छन् । त्यसैले प्रश्न पैसा कमाएको छ कि छैन भन्ने मात्र होइन । आफ्नो जन्मघरका लागि के गऱ्यौँ भन्ने पनि हो । प्रत्येक सफल व्यक्ति जन्मघर फर्किए भने ? एकपटक कल्पना गरौँ । नेपालका प्रत्येक सफल व्यक्तिले आफ्नो जन्मगाउँको एउटा विद्यालय सुधार्न पहल गरे भने के होला ? कसैले एउटा खानेपानी आयोजना बनाइदिए । कसैले एउटा पर्यटकीय स्थलको प्रचार गरिदिए । कसैले एउटा सडक व्यवस्थित गर्न पहल गरे । कसैले स्थानीय उत्पादनलाई बजारसँग जोडिदिए । कसैले गाउँका युवाका लागि सानो उद्योग स्थापना गरिदिए । कसैले गाउँमा पुस्तकालय खोलिदिए । कसैले स्वास्थ्य सेवामा सहयोग गरिदिए । कसैले आफ्नो ज्ञान र सीप गाउँका युवालाई सिकाइदिए । आहा ! यस्ता हजारौँ साना प्रयास जोडिँदा नेपालको विकासको गति कस्तो होला ? राज्यको बजेट मात्रले देश बन्दैन । राज्यको नीति र नागरिकको सहभागिता मिल्दा मात्र विकासले गति लिन्छ । हामी विकासलाई प्रायः सिंहदरबारबाट गाउँतर्फ आउने बजेटको आँखाबाट हेर्छौं । तर विकासको अर्को बाटो पनि हुन सक्छ–गाउँबाट उठेको नागरिक योगदान, सहर हुँदै राज्य र राज्य हुँदै राष्ट्र निर्माणतर्फ जाने बाटो । "जन्मघर फर्केर हेर" यही नागरिक दायित्वको सम्झना हो ।

### नेताहरूले पनि जन्मघर फर्केर हेर्नुपर्छ

यो सन्देश नागरिकका लागि मात्र होइन, नेताहरूका लागि पनि हो । नेताहरूले चुनावका बेला गरेका वाचा सम्झनुपर्छ । जनताको घरमा पुग्दा देखेका समस्या सम्झनुपर्छ । गाउँका बाटा, विद्यालय, स्वास्थ्य चौकी, खानेपानी, कृषि, पर्यटन र रोजगारीका सम्भावना सम्झनुपर्छ । सत्तामा पुगेपछि त्यही गाउँ, त्यही बाटो, त्यही विद्यालय र त्यही नागरिक किन प्राथमिकतामा पर्दैनन् ? जनताले नेताबाट केवल भाषण होइन, परिणाम खोजेका छन् । त्यसैले "जन्मघर फर्केर हेर" भन्ने वाक्य नेताका लागि अझ ठूलो ऐना हो । आफू आएको ठाउँलाई सम्झ, आफूले गरेका वाचा सम्झ र आफूले पाएको जिम्मेवारीको हिसाब गर ।

### विदेशमा रहेका नेपालीले पनि फर्केर हेर्नुपर्छ

आज लाखौँ नेपाली विदेशमा छन् । उनीहरूले संसार देखेका छन् । विकसित देशको जीवनशैली भोगेका छन्। नयाँ प्रविधि सिकेका छन्। व्यवसाय सञ्चालनको तरिका बुझेका छन्। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारका आधुनिक मोडल देखेका छन् । त्यसैले विदेशमा रहेका नेपालीको योगदान केवल आर्थिक सहयोगमा सीमित हुनुपर्दैन । उनीहरूको ज्ञान, सीप, प्रविधि, अनुभव र सोच पनि नेपालको ठूलो पूँजी हो । संसार देखेका नेपालीले नेपाललाई संसारजस्तै बनाउन सक्छन् –यदि उनीहरूले आफ्नो जन्मघरलाई विकासको पहिलो प्रयोगशाला बनाए भने ।

### स्थानीय सरकारको पनि जिम्मेवारी

स्थानीय सरकारले पनि "जन्मघर फर्केर हेर" भन्ने भावनालाई केवल नाराका रूपमा होइन, विकासको नीतिका रूपमा लिन सक्छ । आफ्नो गाउँ वा नगरभित्रका पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्भावनाको पहिचान गर्ने, त्यसलाई प्रवर्द्धन गर्ने र स्थानीय नागरिक, प्रवासी नेपाली तथा निजी क्षेत्रलाई जोड्ने काम गर्न सकिन्छ । हरेक स्थानीय तहले आफ्नो ठाउँबाट बाहिर गएका सफल नागरिकको पहिचान गर्न सक्छ । उनीहरूको ज्ञान, सीप र स्रोतलाई स्थानीय विकाससँग जोड्न सक्छ । किनकि गाउँलाई माया गर्न भाषण गर्नुपर्दैन । एउटा काम गरे पुग्छ । एउटा विद्यालय राम्रो बनाऔँ । एउटा बाटो सुरक्षित बनाऔँ । एउटा पँधेरो संरक्षण गरौँ । एउटा धार्मिक स्थल जोगाऔँ । एउटा पर्यटकीय गन्तव्य चिनाऔँ । एउटा स्थानीय उत्पादनलाई बजारसँग जोडौँ । एउटा युवालाई गाउँमै रोजगारीको अवसर दिऔँ । यिनै स-साना काम जोडिँदै गए भने ठूलो परिवर्तन सम्भव छ ।

### जन्मघर बलियो भयो भने देश बलियो हुन्छ

आज नेपाललाई केवल नयाँ सरकारले मात्रै सबै कुरा गरिदिने अपेक्षा गरेर पुग्दैन । नेपाललाई नयाँ सोचसहित आफ्नो जन्मघर सम्झिने नागरिक चाहिएको छ । एउटा जन्मघर बलियो हुँदा एउटा परिवार बलियो हुन्छ । परिवार बलियो हुँदा एउटा गाउँ बलियो हुन्छ । हजारौँ जन्मघर बलियो हुन थाले भने जिल्ला बलियो हुन्छ । जिल्ला बलियो भए प्रदेश बलियो हुन्छ । प्रदेश बलियो भए देश बलियो हुन्छ । र देश बलियो भयो भने हामी बलियो हुन्छौँ, हाम्रा सन्तति बलिया हुन्छन् । सायद त्यसपछि विकास खोज्दै सधैँ राजधानीतिर मात्रै घरघडेरी किन्नुपर्ने बाध्यता पनि घट्नेछ । आफ्नै आँगनमा विकासको उज्यालो बाल्न सक्याैँ भने आफ्नै गाउँमा बस्न सकिन्छ । आफ्नै गाउँमा जीवन बिताउन सकिन्छ । र एक दिन आफ्नै जन्मभूमिको काखमा हाँसी-हाँसी मर्न पनि सकिन्छ ।

### अन्त्यमा...

त्यसैले आजको प्रश्न केवल "जन्मघर फर्केर हेर" भन्ने होइन । प्रश्न हो– हामी फर्केर हेर्ने कि नहेर्ने ? जसले जहाँबाट सफलता पाएको छ, उसले आफ्नो जन्मघरलाई एकपटक फर्केर हेरोस् । जसले देश चलाउने अवसर पाएको छ, उसले आफ्नो गाउँको अनुहार सम्झियोस् । जसले विदेशमा आधुनिक विकास देखेको छ, उसले आफ्नो गाउँको सम्भावना देखोस् । जसले धन कमाएको छ, उसले आफ्नो जन्मभूमिमा केही लगानी गरोस् । जसले पद पाएको छ, उसले जनताको दुःख सम्झियोस् । जसले जीवनमा सफलता पाएको छ, उसले आफूलाई सफल बनाउने माटोलाई नबिर्सियोस् । सायद त्यसपछि कुनै दिन हामी गर्वका साथ भन्न सक्नेछौँ–आहा, मेरो जन्मघर ! आहा, मेरो गाउँ ! आहा, मेरो पाल्पा ! आहा, मेरो नेपाल ! आहा, मेरो देश ! आहा, हामी नेपाली ! अन्त्यमा एउटा कुरा स्पष्ट गर्न चाहन्छु–"जन्मघर फर्केर हेर" भन्ने सुन्दर शब्द मैले मा. वीरबहादुर रानाको अभिव्यक्तिबाट सुनेको हुँ । त्यसैले यो विचार र वाक्यको श्रेय तथा सिर्जनात्मक स्वामित्व म सम्मानपूर्वक मा. वीरबहादुर रानाज्यूलाई नै हस्तान्तरण गर्दछु । मैले त उहाँका केही शब्दभित्र लुकेको एउटा ठूलो सम्भावना देखेको मात्र हुँ । "जन्मघर फर्केर हेर"–सायद यो केवल एउटा वाक्य होइन, आफ्नो जरा सम्झिएर देश बनाउने एउटा सूत्र हो ।

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कलाको क्षेत्रमा मन आनन्दित रहनेछ। आर्थिक स्थिति सन्तोषजनक रहनेछ। | **तुला**: योजनाहरूको रूपरेखा बन्नेछ। शिक्षाको क्षेत्रमा राम्रो परिणाम प्राप्त हुनेछ। |
| **वृष** : आकस्मिक धनलाभका योग छन्। सामाजिक चेतनाको विकास हुनेछ। | **वृश्चिक** : व्यापारमा विशेष लाभ हुनेछ। धार्मिक यात्राको रूपरेखा बन्नेछ। |
| **मिथुन** : विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। अप्ठ्यारो काम सम्पादन हुनेछ। | **धनु** : व्यापार व्यवसायमा अँटिको कार्य सम्पादन हुनेछ। अध्ययनमा प्रगति हुनेछ। |
| **कर्कट** : पारिवारिक मनमुटाव सुल्झिनेछ। दाम्पत्य जीवन संघर्षपूर्ण रहनेछ। | **मकर** : कार्यमा अरूको भरपर्दा दुःख पाइनेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। |
| **सिंह** : आत्मविश्वासमा वृद्धि हुनेछ। कार्यक्षेत्रमा अधिकारीहरूबाट प्रशंसा मिल्नेछ। | **कुम्भ**: जीवनसाथीको सहयोग प्राप्त हुनेछ। मेहनतीको लागि समय उत्तम रहेको छ। |
| **कन्या** : कार्यक्षेत्रमा दिन अनुकूल र हनेछ। मित्रहरूबाट उपहार प्राप्त हुनेछ। | **मीन** : राजनीतिक क्षेत्रतिरका कार्य सम्पादन हुनेछन्। प्रतिस्पर्धामा विजयी भइनेछ। |

# शिक्षा

## त्रिवि केन्द्रीय क्याम्पसमा दिवा सत्रको मात्रै कक्षा सञ्चालनले विद्यार्थीलाई अप्ठ्यारो



त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले अधिकांश विभागहरूको दिवा सत्रमा मात्रै कक्षा सञ्चालन हुँदा अप्ठ्यारो भएको गुनासो गरेका छन् । केन्द्रीय क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले दिवा सत्रमा कक्षामा आउनै पर्ने बाध्यता हुँदा रोजगारी, इन्टर्नसिप, अनुसन्धान, सीप विकास तथा अन्य व्यावसायिक गतिविधिमा जोडिन गाह्रो भएको बताएका हुन् । त्रिवि केन्द्रीय क्याम्पसमा अध्ययनरत विद्यार्थी सविन पोखेलले दिवा सत्रमा कक्षामा उपस्थित हुनुपर्ने बाध्यताले पढाइ छोड्नुपर्ने अवस्था सृजना हुने बताए । उनले भने, ‘अहिले स्नातकोत्तर तहको दोस्रो सेमेस्टरमा अध्ययन गर्छु । सेमेस्टर सिस्टममा ८० प्रतिशत अनिवार्य हाजिरी हुनैपर्छ । घरबाट पैंसा आउँदैन । रोजगारीसँग जोडिन पाएको छैन । दिउँसो कक्षा नभएर बिहान वा बेलुका कक्षा भएको भए रोजगारीसँग त जोडिन सक्थे ।’ यसै प्रसंगमा दिवा सत्रमा मात्रै कक्षा सञ्चालनको विकल्प खोजिनुपर्ने माग राख्दै विद्यार्थीहरूले त्रिवि उपकुलपति प्रा.डा.भोला थापालाई समेत ध्यानाकर्षण गराएका छन् । ध्यानाकर्षण पत्रमा भनिएको छ, ‘व्यवस्थापन सङ्कायअन्तर्गत व्यवस्थापन केन्द्रीय विभागमा सञ्चालित स्नातकोत्तर तह (एमबीएस) को कक्षा हाल दिउँसो ( डे सिफ्ट) मा मात्र सञ्चालन भइरहेको व्यवस्थाप्रति हामी सम्पूर्ण विद्यार्थीहरूको गम्भीर ध्यानाकर्षण भएको छ । वर्तमान व्यवस्था विद्यार्थीहरूको शैक्षिक अधिकार, आर्थिक आत्मनिर्भरता, पेसागत विकास तथा समान अवसरको सिद्धान्तसँग मेल नखाने भएकाले यसको तत्काल पुनरावलोकन आवश्यक भएको हाम्रो ठहर छ ।’ स्नातकोत्तर तहका अधिकांश विद्यार्थीहरू २४-३० वर्ष उमेर समूहका छन् । यो उमेर अध्ययनसँगै रोजगारी, इन्टर्नसिप, अनुसन्धान, सीप विकास तथा अन्य व्यावसायिक गतिविधिमा संलग्न भई भविष्य निर्माण गर्ने अत्यन्त महत्त्वपूर्ण चरण हो । तर एमबीएस लगायतको कक्षा दिउँसो मात्र सञ्चालन हुने व्यवस्थाले अवसरहरूबाट वञ्चित गरिरहेको विद्यार्थीहरूको गुनासो छ । विशेषगरी नेपालको विभिन्न जिल्ला तथा दुर्गम क्षेत्रबाट काठमाडौँमा उच्च शिक्षाका लागि आएका विद्यार्थीहरू कोठा भाडा, दैनिक जीवनयापन, यातायात तथा अध्ययन खर्च व्यवस्थापन गर्न श्रममा निर्भर छन् । तर, डे सिफ्टका कारण नियमित रोजगारी गर्न नसक्दा उनीहरू आर्थिक, मानसिक तथा शैक्षिक रूपमा प्रत्यक्ष प्रभावित भइरहेका छन् । यसले अध्ययन निरन्तरता, शैक्षिक गुणस्तर तथा पेसागत क्षमता विकासमा समेत असहज भएको विद्यार्थी बताउँछन् । त्रिवि केन्द्रीय क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तहमा अध्ययनरत एक विद्यार्थी भन्छन्, ‘केहि प्राध्यापक, उपप्राध्यापक, सहप्राध्यापक बिहान र बेलुकी अन्यत्र कलेजहरूमा पनि पढाउन जानुहुन्छ । दिउँसो यहाँ अध्यापन गराउन आउनुहुन्छ । बिहानी र बेलुकी सत्र पनि कक्षा भइदिएको भए हामी रोजगारीसँग जोडिन सक्थ्यौ । ’ ध्यानाकर्षण पत्रमा भनिएको छ, ‘विद्यार्थीलाई अध्ययनसँगै काम गर्ने अवसर उपलब्ध गराउनु आधुनिक, समावेशी, लचिलो र विद्यार्थीमैत्री विश्वविद्यालय प्रणालीको आधारभूत मान्यता हो । त्यसैले एमबीएसको कक्षालाई एउटै डे सिफ्टमा सीमित गर्नु विद्यार्थीको आर्थिक आत्मनिर्भरता, प्रतिस्पर्धात्मक क्षमता र व्यावसायिक विकासका अवसरहरूलाई अनावश्यक रूपमा सङ्कुचित गर्ने व्यवस्था हो ।’ व्यवस्थापन केन्द्रीय विभागअन्तर्गत सञ्चालित एमबीएस कक्षालाई मर्निङ सिफ्ट र इभिनिङ सिफ्टमा सञ्चालन गर्ने व्यवस्था तत्काल लागू गर्न नयाँ भवनमा एमबीएसका सम्पूर्ण कक्षाहरू यथाशीघ्र सञ्चालन गर्न माग गरेका छन् । एमबीएस अध्ययनरत विद्यार्थीहरूले शुल्क किस्ताबन्दीमा तिर्न सक्ने व्यवस्था तत्काल लागू गरिनुपर्ने, विद्यार्थीमैत्री, लचिलो तथा समावेशी शैक्षिक वातावरण निर्माण गर्न कक्षा सञ्चालन, प्रशासनिक सेवा तथा शैक्षिक व्यवस्थापन प्रणालीलाई समयसापेक्ष सुधार गरिनुपर्ने विषय उठाएका छन् । व्यवस्थापन केन्द्रीय विभागले पुस्तकालय विकास शुल्क शीर्षकमा प्रत्येक विद्यार्थीबाट प्रत्येक सेमेस्टर दुई हजार पाँच सय असुल गर्दै आएको छ । तर, विभागीय पुस्तकालयको उपयोगबाट विद्यार्थीहरू वञ्चित रहनुपरेको विद्यार्थीको गुनासो छ । सेवा उपलब्ध नगराई उच्च शुल्क असुल गर्नु विद्यार्थी हित विपरीत र अन्यायपूर्ण भएकाले यथाशीघ्र विभागीय पुस्तकालय सबै विद्यार्थीका लागि नियमित रूपमा प्रयोग गर्न मिल्ने व्यवस्था गर्न माग गरेका छन् ।

*-अनलाइन खबर डटकम*

## शिक्षा ऐनअघि सातै प्रदेशमा ‘शिक्षा संवाद’ गर्दै मन्त्रालय





शिक्षा मन्त्रालयले प्रस्तावित शिक्षा ऐन ल्याउनुअघि सातै प्रदेशमा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावकसहित शिक्षा क्षेत्रका सबै सरोकारवालासँग प्रत्यक्ष छलफल गर्ने भएको छ ।

मन्त्रालयले सुरु गर्न लागेको ‘शिक्षा संवाद’ अभियानको पहिलो कार्यक्रम आज शनिबार विराटनगरमा आयोजना हुँदैछ । विराटनगरस्थित आदर्श माध्यमिक विद्यालयमा ११ बजे कार्यक्रम आयोजना गर्न लागिएको हो । मन्त्रालयका अनुसार अभियानअन्तर्गत कोशी प्रदेशको विराटनगर, मधेस प्रदेशको जनकपुर, बागमती प्रदेशको हेटौँडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा कार्यक्रम आयोजना गरिनेछ। कार्यक्रममा शिक्षा मन्त्रालयका मन्त्रीका सल्लाहकार शैलेन्द्र झा र विद्यालय महाशाखा प्रमुख शिव सापकोटालगायत सहभागी हुनेछन् । छलफलमा स्थानीय तहका शिक्षा प्रतिनिधि, शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक तथा अन्य शिक्षा सरोकारवालाका सुझाव र धारणा संकलन गरिने छ । शिक्षा ऐन निर्माणको प्रक्रियालाई थप सहभागितामूलक बनाउँदै प्रदेश तथा स्थानीय तहबाट प्राप्त सुझावलाई नीति निर्माणमा समेट्ने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको हो ।

*-हाम्रा कुरा डटकम*

## भदौदेखि आन्दोलनको कार्यतालिका ल्याउँदै शिक्षक महासंघ



शिक्षक तथा विद्यालय कर्मचारीका माग सम्बोधनमा सरकार गम्भीर नभएको भन्दै नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले भदौ पहिलो साता आन्दोलनको कार्यतालिका सार्वजनिक गर्ने भएको छ । महासंघले तय गरेको कार्यतालिका अनुसार पहिलो चरणमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेललाई मागपत्रसहितको ध्यानाकर्षण पत्र बुझाइनेछ। तत्पश्चात् देशैभर प्रचारात्मक तथा शान्तिपूर्ण दबाबमूलक विरोधका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । महासंघले अघि सारेको आन्दोलनको कार्यतालिका विगतका सहमतिहरूको कार्यान्वयन र ऐन-नियमावलीमा रहेका विभेदकारी व्यवस्थाहरूको खारेजीमा केन्द्रित छ । २०७५, २०७८ र २०८० मा भएका सम्झौताहरू तथा २०८२ वैशाख १७ गतेको मन्त्रिपरिषद्को ९ बुँदे निर्णय कार्यान्वयन नभएपछि महासंघले २०८२ भदौ १३ देखि दबाब बढाउँदै लगेको थियो । तर, २०८३ साउन २५ गते लागु गरिएको शिक्षा नियमावलीको १० औँ संशोधनले शिक्षक तथा कर्मचारीहरूलाई झन् निरुत्साहित बनाएकाले आन्दोलनको नयाँ तालिका तय गर्नुपरेको महासंघले स्पष्ट पारेको छ । नियमावलीको १० औँ संशोधनले सरुवा प्रक्रियामा ज्येष्ठताको ३५ अङ्क, प्रमाणपत्रको २० अङ्क र तालिमको १० अङ्क गरी कुल ६५ अङ्क तोकेर शिक्षक सेवा आयोगको खुला परीक्षाजस्तै जटिल र अव्यावहारिक व्यवस्था गरेको भन्दै शिक्षकहरूले आपत्ति जनाएका छन् । यसले गर्दा विशेष गरी नवप्रवेशी शिक्षकहरूमा चरम निराशा छाएको र दुर्गमका विद्यालयहरूमा शिक्षकको अभाव भई पठनपाठन नै ध्वस्त हुने जोखिम बढेको महासंघको निष्कर्ष छ । महासंघका अनुसार विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको अधिकार क्षेत्रलाई कमजोर पारिएको भन्दै त्यसलाई नसच्याएसम्म घोषित कार्यक्रमहरू रोकिने छैनन् । यस पटकको आन्दोलनको मुख्य कार्यसूची र मागपत्रमा वर्षौंदेखि न्यून तलबमा सेवा गरिरहेका प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकहरूको हकहितलाई प्राथमिकतामा राखिएको छ । राज्यले अन्तर्राष्ट्रिय श्रम ऐन अनुसार न्यूनतम १९ हजार ५ सय रुपैयाँ पारिश्रमिक उपलब्ध गराउन आनाकानी गरिरहेको अवस्थामा हालै वृद्धि भएको तलब, महँगी भत्ता र प्रोत्साहन भत्ता यी शिक्षक-कर्मचारीहरूले समेत स्पष्ट रूपमा पाउने गरी कार्यान्वयन गराउनु आन्दोलनको प्रमुख लक्ष्य रहेको पराजुली बताउँछिन् । स्थानीय भत्ता वितरणमा शिक्षक र कर्मचारीबिच गरिएको विभेद अन्त्य हुनुपर्ने, निजी स्रोत तथा संस्थागत विद्यालयका शिक्षकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराउनुपर्ने र वर्षौंदेखि एउटै श्रेणीमा रोकिएका स्थायी शिक्षकहरूको आवधिक बढुवा सुनिश्चित हुनुपर्ने माग शिक्षकहरूको छ । स्थानीय तहहरूले वर्षौं सेवा गरेका राहत, अस्थायी, करार तथा साविक उच्च मावि दरबन्दीका शिक्षकहरूलाई विनाकारण निष्कासन गर्ने र कतिपयलाई उमेर हदका कारण रित्तो हात बिदा गर्नुपर्ने अन्यायपूर्ण अवस्था सिर्जना भएको महासंघको ठहर छ । शिक्षकहरूको पेसागत स्थायित्व र सम्मानजनक व्यवस्थापनमा सरकार गम्भीर नभएको पीडित शिक्षकहरूको भनाइ छ । महासंघका प्रतिनिधिहरूले शिक्षकहरूका लागि आन्दोलन रहर नभई बाध्यता भएको उल्लेख गर्दै विद्यालय बन्द गरेर सडकमा आउन नपरोस् भन्ने चाहना रहे पनि सरकार जिम्मेवार नबने जुनसुकै कडा कदम चाल्न तयार रहेको बताएका छन् ।

**‘विद्यालय कर्मचारीको दरबन्दी सुनिश्चित गरियोस्’**

नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय समितिका अध्यक्ष गङ्गाराम तिवारीले आफ्ना मागहरूलाई प्राथमिकताका साथ समेटिएमा महासंघले आह्वान गरेको आन्दोलनमा सहभागी हुने जानकारी दिए । उनले लामो समयदेखि अनुदानका भरमा काम गरिरहेका सामुदायिक विद्यालयका कर्मचारीहरूको स्थायी दरबन्दी सुनिश्चित गरिनुपर्ने प्रमुख माग रहेको बताए । ३० देखि ४० वर्षसम्म सेवा गरेका र ६० वर्ष उमेर पुगेका कर्मचारीहरूलाई सम्मानजनक सेवा-सुविधा, उपदान तथा औषधि उपचारको व्यवस्थासहित अवकाश दिइनुपर्ने परिषद्को अडान छ । देशभर रहेका करिब ३० हजार विद्यालय कर्मचारीहरूको भविष्य सुनिश्चित गर्न सरकारले ठोस कदम चाल्नुपर्नेमा उनले जोड दिए । उनले भने, ‘नेपाल शिक्षक महासंघको आन्दोलनमा विद्यालय कर्मचारीको मुद्दालाई पहिलो प्राथमिकतामा राखिए हामी सहभागी हुन्छौँ । हाम्रो मुख्य माग विद्यालय कर्मचारीको दरबन्दी सुनिश्चितता नै हो ।’

**शिक्षक-कर्मचारीमैत्री ‘विद्यालय शिक्षा ऐन’ जारी गर्न माग**

गत साउन १६ र १७ गते बसेको नेपाल शिक्षक महासंघको तेस्रो राष्ट्रिय परिषद्को बैठकले शिक्षकका मुद्दा सम्बोधनका सवालमा १३ बुँदे निर्णय गरेको थियो । महासंघले चालु आर्थिक वर्षको बजेटमार्फत प्रारम्भिक बालविकासका शिक्षक, विद्यालय कर्मचारी तथा सिकाइ अनुदानका शिक्षकहरूलाई तलब वृद्धि, प्रोत्साहन भत्ता र महँगी भत्ताबाट वञ्चित गराइएको भन्दै विरोध गरेको छ । बालविकास शिक्षक र विद्यालय कर्मचारीका लागि स्पष्ट दरबन्दी सिर्जना गरी सोही अनुसार सेवा-सुविधा उपलब्ध गराउन तथा दुर्गममा कार्यरत शिक्षकहरूलाई निजामती सरह स्थानीय भत्ता तत्काल वितरण गर्न माग गरिएको छ । सरकारसँगको पूर्वसहमति अनुसार यथाशीघ्र शिक्षक-कर्मचारीमैत्री ‘विद्यालय शिक्षा ऐन’ जारी गर्न, शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत लगानी पुऱ्याउन र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क तथा अनिवार्य गर्ने संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा लागू गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । महासंघले संस्थागत र पेसागत हितका लागि आफ्नो तेस्रो संशोधित विधान परिमार्जन गरी स्वीकृतिका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गरिसकेको जनाएको छ ।

**विगतका सहमतिहरू के थिए ?**

पटकपटक सम्झौता भए पनि कार्यान्वयनमा सरकार गम्भीर नभएको शिक्षक तथा कर्मचारीहरूको गुनासो छ । पछिल्लो पटक २०८२ भदौ १७ गते तत्कालीन शिक्षा मन्त्री रघुजी पन्तको पालामा सरकार र महासंघबिच ९ बुँदे सम्झौता भएको थियो । उक्त सहमतिको पहिलो बुँदामा शिक्षक तथा विद्यालय कर्मचारीलाई काठमाडौँको निजामती अस्पतालमा उपचार सहुलियत उपलब्ध गराउने उल्लेख थियो । यस्तै, राहत, अस्थायी, साविक उमावि, सिकाइ अनुदान लगायतका शिक्षकहरूको बिरामी बिदा सञ्चित हुने र अवकाशका बेला एकमुष्ट रकम पाउने विषय समेटिएको थियो । आगामी आर्थिक वर्ष २०८२र८३ देखि स्थायी शिक्षकहरूका लागि निजामती सरह ग्रेड सङ्ख्या र रकम कायम गर्ने भनिए पनि सो निर्णय हालसम्म कार्यान्वयन भएको छैन । सहमति पत्रमा सबै प्रकारका शिक्षकहरूले प्रचलित कानुन बमोजिम दुर्गम भत्ता पाउने, निजी स्रोतका शिक्षक-कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने र शिक्षकहरूलाई सरकारको मर्यादाक्रममा समावेश गर्ने उल्लेख थियो । साथै, निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब र ग्रेड माध्यमिक द्वितीय श्रेणी सरह बनाउने सहमति समेत भएको थियो ।

**सरकारसँग नेपाल शिक्षक महासंघका मुख्य मागहरू :**

२०७५, २०७८ र २०८० सालका रुसहमतिहरू समेट्ने गरी ‘शिक्षक-कर्मचारीमैत्री’ विद्यालय शिक्षा ऐन तत्काल जारी गर्नुपर्ने । २०८२ वैशाख १७ गतेको मन्त्रिपरिषद्को ९ बुँदे निर्णय अक्षरसः कार्यान्वयन गर्नुपर्ने । शिक्षा नियमावलीको १० औँ संशोधनका असंवैधानिक तथा अव्यावहारिक व्यवस्थाहरू खारेज वा संशोधन गर्नुपर्ने । राहत, अस्थायी, करार र शिक्षण सिकाइ अनुदान लगायतका सबै शिक्षकरकर्मचारीको स्थायित्वका लागि स्पष्ट खाका ल्याउनुपर्ने । विभेदकारी दरबन्दी प्रणाली अन्त्य गरी ‘तहगत दरबन्दी’ कायम गर्नुपर्ने र अव्यावहारिक सरुवा प्रणाली खारेज गर्नुपर्ने । लामो समय एउटै श्रेणीमा कार्यरत स्थायी शिक्षकका लागि ‘आवधिक बढुवा’को प्रबन्ध गर्नुपर्ने । विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको अधिकार पुनः सुदृढ गरिनुपर्ने । स्थानीय तहबाट शिक्षकरकर्मचारीलाई गैरकानुनी रूपमा हटाउने कार्य रोकिनुपर्ने । ईसीडी सहजकर्ता र विद्यालय कर्मचारीलाई अन्तर्राष्ट्रिय श्रम ऐन अनुसार न्यूनतम पारिश्रमिक, महँगी भत्ता र वृद्धि भएको नयाँ तलबमान उपलब्ध गराउनुपर्ने । शिक्षक र कर्मचारीबिचको स्थानीय भत्ताको विभेद अन्त्य गरी सबैलाई समान भत्ता वितरण गर्नुपर्ने । निजी स्रोत तथा संस्थागत विद्यालयका शिक्षकरकर्मचारीलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने । विशेष शिक्षा र प्राविधिक धारका शिक्षकरकर्मचारीको वृत्तिविकासका लागि स्पष्ट नीति बनाउनुपर्ने । उमेर हदका कारण अवकाश पाउने अस्थायी शिक्षकरकर्मचारीका लागि सम्मानजनक उपदान र राहतको व्यवस्था गर्नुपर्ने ।

*-रातोपाटी डटकम*

# किशोर श्रेष्ठलाई तत्काल रिहाइ गर्न माग



**पाल्पा,** साउन ३१/जनआस्था साप्ताहिकका सम्पादक तथा प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठलाई समाचार लेखेकै कारण पक्राउ गरिएको भन्दै नेपाल पत्रकार महासंघ पाल्पाका पूर्वदेखि वर्तमान नेतृत्वका पत्रकार अगुवा र एक पत्रकार प्रतिष्ठानले गम्भीर आपत्ति जनाएका छन् ।

नेपाल पत्रकार महासंघ पाल्पाका संस्थापकदेखि वर्तमान नेतृत्वसम्मका मेघराज शर्मा, गोविन्द भट्टराई, झपेन्द्र गहिरे, भगवान भण्डारी, राजेशकुमार अर्याल, रेखिराम राना र कमलराज तिमिल्सेनाले संयुक्त विज्ञप्ती जारी गर्दै पत्रकार श्रेष्ठलाई तत्काल रिहाइ गर्न माग गरेका हुन् । उनीहरुले श्रेष्ठलाई तत्काल बिनाशर्त रिहा गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न सरकारसँग माग गरेका छन् । साथै समाचारसम्बन्धी विवादको निरुपण प्रेस काउन्सिलमार्फत गर्न र सुरक्षा निकायमार्फत प्रेस नियमन गर्ने प्रवृत्ति अन्त्य गर्न उनीहरूले आग्रह गरेका छन् । यस्तै पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल पाल्पाले पनि एक विज्ञप्ति जारी गर्दै श्रेष्ठको तत्काल रिहाइकोब माग गरेको छ । पत्रकार प्रतिष्ठानका निवर्तमान अध्यक्ष गोविन्दप्रसाद भट्टराई र अध्यक्ष सन्तोष खनालद्वारा जारी विज्ञप्तिमा प्रकाशित समाचारप्रति असहमति भए प्रेस काउन्सिल नेपालमार्फत कानुनी प्रक्रिया अघि बढाउनुपर्नेमा प्रहरीमार्फत पत्रकार पक्राउ तथा सञ्चार सामग्री जफत गरिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता र संविधानको मर्मविपरीत भएको ठहर छ ।

उनीहरूका अनुसार श्रेष्ठलाई साउन २७ गते राति करिब ९ बजे काठमाडौं प्रहरी परिसरको टोलीले ललितपुरस्थित निवासबाट पक्राउ गरेको थियो । पक्राउपछि समाचारको स्रोत खोज्ने क्रममा प्रहरीले घर तथा कार्यालयमा पटक-पटक खानतलासी गरी सिपीयू, ल्यापटप, मोबाइल, आइप्याडलगायत सञ्चार उपकरण तथा बालबालिकाका अध्ययन सामग्रीसमेत जफत गरेको परिवारको भनाइ छ ।

## 'सत्ताको उन्मादमा एमाले ...

...उनले बालेन नेतृत्वको सरकारले कानुनसम्मत ढंगले काम नगरेको तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई असन्तुलित बनाउने गतिविधि गरिरहेको आरोप लगाए । यस्ता गतिविधि नसच्याए त्यसका विरुद्ध आवाज उठाउने उनको भनाइ थियो ।

एमालेका नेता तथा कार्यकर्ता पार्टीको अनुशासन र प्रणालीमा चल्नुपर्नेमा समेत उनले जोड दिए । एमालेमा रहेर 'फ्री स्टाइल' मा चल्ने छुट कसैलाई नभएको बताउँदै उनले पार्टीको नीति, विधि र प्रणालीअनुसार अघि बढ्न आग्रह गरे । "कुस्ती खेलमा पनि नियम हुन्छ, एमालेमा पनि आफ्नै नीति र नियम छन्," उनले भने। विश्वकर्माले आगामी दिनमा पार्टीलाई थप मजबुत बनाएर अघि बढाउने विषयमा पार्टी केन्द्रको सचिवालयमा छलफल भइरहेको जानकारी दिए । प्रदेश तहमा समेत छलफल गरी सुझाव संकलन गरिएको र प्राप्त सुझावलाई समेटेर कार्यदलले प्रतिवेदन तयार गरिरहेको उनले बताए । एमालेले सञ्चालन गरिरहेको 'मिसन जागरण अभियान' ले पार्टीका तल्लो तहमा रहेका जनता, नेता-कार्यकर्ता तथा शुभेच्छुकसँग प्रत्यक्ष जोडिने लक्ष्य लिएको उनले बताए । आफ्ना जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न समेत उनले नेता तथा कार्यकर्तालाई आग्रह गरे । बैठकमा एमाले केन्द्रीय सदस्य ठाकुर गैरे, केन्द्रीय सदस्य तथा पाल्पा इन्चार्ज नारायण आचार्य, लुम्बिनी प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेललगायतको उपस्थिति थियो । एमाले लेखा आयोगका केन्द्रीय उपाध्यक्ष धनेन्द्रराज घिमिरेले समसामयिक प्रस्ताव प्रस्तुत गरेका थिए । बैठकमा एमाले पाल्पाका उपसचिव दीपक विश्वकर्माले पार्टी केन्द्रको अन्तरपार्टी निर्देशन तथा प्रदेश कमिटीको आन्तरिक कमिटी निर्देशनबारे जानकारी गराएका थिए । ऐमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्तीमगरको अध्यक्षता, उपाध्यक्ष विमल कार्लेलेको स्वागत, सचिव रामजी पोखरेलको सञ्चालनमा बैठक भएको हो । *मिलन विश्वकर्माबाट*


## नाग पञ्चमीमा नाग...

...नागको चित्रमा दही, दूध, दुबो, अक्षता, फूल, चन्दनलगायत सामग्री चढाएर पूजा गरेपछि घरको मूलढोकामाथि टाँस्ने परम्परा रहेको छ । नागपञ्चमीको परम्परा परिवर्तन हुँदै गए पनि यसको सांस्कृतिक महत्व भने कायमै छ । नागलाई प्रकृति, वर्षा र पानीसँग जोडेर हेर्ने धार्मिक मान्यता छ। साथै सर्पले खेतबारीमा मुसा तथा अन्य जीवको संख्या नियन्त्रण गर्न सहयोग गर्ने भएकाले यसको पर्यावरणीय महत्वसमेत रहेको विज्ञहरूले बताउँदै आएका छन् ।

यसरी हेर्दा नागपञ्चमीमा नागको चित्र टाँस्ने चलन केवल धार्मिक कर्मकाण्ड मात्र होइन, पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक अभ्यास पनि हो । छापिएका चित्रले परम्पराको बाहिरी स्वरूप जोगाए पनि हातैले नागको चित्र बनाउने पुरानो सीप र त्यससँग जोडिएको सामाजिक अभ्यास भने क्रमशः हराउँदै गएको देखिन्छ ।

खेलकुद समाचार

## बङ्गलादेशले रच्यो इतिहास



**काठमाडौं,** साउन ३१/बङ्गलादेशले पहिलो टेस्ट क्रिकेटमा घरेलु टोली अस्ट्रेलियालाई ९ विकेटले हराउँदै इतिहास रचेको छ । अस्ट्रेलियाले दिएको ५७ रनको लक्ष्य बङ्गलादेशले खाना समयपछि १ विकेट गुमाएर भेटायो । बङ्गलादेशका मोमिनुल हकले नटआउट ३०, शादमान इस्लामले नटआउट २५ रन बनाए । अस्ट्रेलियाका जोश हेजलउडले १ विकेट लिए । बङ्गलादेशले टेस्ट क्रिकेटमा पहिलो पटक अस्ट्रेलियालाई उसकै घरमा हराएको हो । समग्रमा टेस्ट क्रिकेटमा अस्ट्रेलियामाथि बङ्गलादेशको यो दोस्रो जीत हो । यसअघि सन् २०१७ मा घरेलु मैदान मिरपुरमा भएको टेस्ट क्रिकेटमा बङ्गलादेशले अस्ट्रेलियालाई २० रनले हराएको थियो ।

पहिलो टेस्टको पहिलो पारीमा बङ्गलादेशले तन्जिम हसन तमिमको शतक तथा कप्तान नजमुल होसैन शान्तो र मेहदी हसन मिराजको अर्धशतकको मद्दतमा ४२६ रन बनाएको थियो । अस्ट्रेलियाका जोश हेजलउडले ६ विकेट लिए । यस्तै अस्ट्रेलियाले पहिलो पारीमा स्टेभेन स्मिथको अर्धशतकको मद्दतमा १९८ रन बनाएको थियो । बङ्गलादेशका हसन महमुदले ६ विकेट लिए । अस्ट्रेलियाले दोस्रो पारीमा क्यामरन ग्रीनको शतकको मद्दतमा २८४ रन बनाएको थियो । बङ्गलादेशका मेहदी हसन मिराजले ५ विकेट लिए । अस्ट्रेलिया र बङ्गलादेशबीचको अन्तिम तथा दोस्रो टेस्ट आउँदो शनिवारदेखि म्याकेको ग्रेट ब्यारियर रिफ एरिनामा शुरू हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## भदौका लागि पनि बैंकहरुले घटाए ब्याजदर




**पाल्पा,** साउन ३१/ पछिल्ला केही महिना यता बैंकहरूले दिने निक्षेपको ब्याजदर निरन्तर घटाउँदै आएका छन् । भदौ महिनामा पनि वाणिज्य बैंकहरूको औसत ब्याजदर घटेको छ । बैंक तथा वित्तीय संस्थाहरूले भदौ महिनाका लागि ब्याजदर सूची सार्वजनिक गर्दै औसत ब्याजदर घटेको जनाएका छन् ।

२० वटा वाणिज्य बैंकले सार्वजनिक गरेको सूचीअनुसार व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर औसतमा साउनको तुलनामा भदौमा ०.०३१५ प्रतिशत बिन्दु घटेको छ । साउनमा अधिकतम मुद्दती ब्याजदर औसत ४.१६७५ रहेकोमा भदौमा यो ४.१३६० प्रतिशतमा कायम भएको छ । साउनको तुलनामा भदौमा ५ वाणिज्य बैंकले ब्याजदर केही घटाएका छन् भने १५ ले स्थिर राखेका छन् । साउनको तुलनामा भदौमा ब्याजदर घटाएका बैंकमा नेपाल, सिटिजन्स, स्टान्डर्ड चार्टर्ड, कुमारी र सिद्धार्थ बैंक छन् । अरु १५ बैंकले स्थिर राखेका छन् । केही बैंकले ब्याजदर सामान्य घटाउँदा औसत दर घटेको हो । व्यक्तिगत मुद्दतीको अधिकतम ब्याजदर ४.५५ प्रतिशतभन्दा तल झरेको छ । भदौमा व्यक्तिगत मुद्दतीमा नबिल र प्रभुको ब्याजदर अरुको भन्दा केही बढी देखिन्छ । तर दुबैले दिने ४.५५ प्रतिशत ब्याजदर १० वर्षभन्दा बढी अवधिको लागि मात्रै हो । तसर्थ लामो अवधिका लागि केही बढी र छोटो अवधिका लागि कम ब्याजदर बैंकले दिने गरेका छन् । बैंकहरूमा लगानीयोग्य रकम पर्याप्त रहेको तथा कर्जा प्रवाह हुन नसक्दा ब्याजदर घटिरहेको छ ।

राष्ट्र बैंकले पछिल्लो समय लामो अवधिका लागि समेत तरलता खिचिरहेको छ । राष्ट्र बैंकले वित्तीय प्रणालीको तरलता अवस्था र अन्तर बैंक ब्याजदर व्यवस्थापनका लागि निक्षेप संकलन, स्थायी निक्षेप सुविधा लगायत उपकरण मार्फत बैंकको पैसा खिच्दै आएको छ । व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर घट्दा बचत तथा संस्थागत मुद्दतीसँगै कर्जाको ब्याज पनि घट्न जान्छ । पहिले नै लामो अवधिको मुद्दती खाता खोलेकाहरूले भने त्यतिबेलाको शर्तअनुसार सोही ब्याजदर पाउँछन् । भदौमा खुल्ने नयाँ मुद्दती खाता तथा यो महिनामा अवधि समाप्तपछि नवीकरण हुने मुद्दतीका हकमा मात्रै नयाँ ब्याजदर कायम हुने छ ।जब निक्षेपको ब्याजदर घट्छ, त्यसले आधार दर घट्न गई कर्जाको ब्याजदर घटाउनका लागि दबाब पुग्छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई